नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

प्राप्त पत्र संख्या र मितिः
पत्र संख्या :
च. नं.: २३८

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल
काठमाडौं, नेपाल

मिति : २०७५/०७/२९

विषय : निर्देशिकाहरुको संसोधन संवन्धमा

श्री डिभिजन वन कार्यालयहरु
सवै ।

उपरोक्त संवन्धमा वन तथा वातावरण मन्त्रालयको मिति २०७५/०७/२९ च.नं. ३४० को पत्र अनुसार सामुदायिक वनको काठ/दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, २०७१ र वन पैदावार संकलन तथा विक्रि वितरण निर्देशिका, २०७३ मा देहाय बमोजिम परिमार्जन गर्ने गरी नेपाल सरकार (माननीय मन्त्री स्तर) को मिति २०७५/०७/२८ मा निर्णय भएकोले सो निर्णय अनुसार अनुरोध छ भनी लेखि आएकोले सोहि अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

**सामुदायिक वनको काठ/दाउरा संकलन तथा बिक्रीवितरण निर्देशिका, २०७१ मा परिमार्जन:**

| क.सं | साविकको व्यवस्था | कायम भएको व्यवस्था |
|---|---|---|
| १. | परिच्छेद-३ को दफा (१०) **छपान चेकजाँचमा** सेक्टर वन कार्यालयले गर्ने २५ प्रतिशत छपान चेकजाँच गर्ने, | सेक्टर वन कार्यालय हटाउने |
| | जिल्ला वन कार्यालयले १० प्रतिशत छपान चेकजाँच गर्नुपर्नेछ। | डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले १५ प्रतिशत छपान चेकजाँच गर्नुपर्नेछ भन्ने राखे। |
| २. | परिच्छेद-३ को दफा (१९) **निरीक्षण गर्नुपर्नेमा** सेक्टर वन कार्यालयले गर्ने २५ प्रतिशत, जिल्ला वन कार्यालयले ५ प्रतिशत चेकजाँच गर्नुपर्नेछ।" | सेक्टर वन कार्यालय हटाउने र डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले १५ प्रतिशत चेकजाँच गर्नुपर्नेछ भन्ने राखे। |
| ३. | परिच्छेद-३ को दफा (२०) मा सेक्टर वन कार्यालय/जिल्ला वन कार्यालयका अधिकृत कर्मचारीबाट संकलन क्षेत्रको अन्तिम जाँचपास गर्ने। | संकलन क्षेत्रको अन्तिम जाँच डिभिजन वन कार्यालयका अधिकृत कर्मचारीबाट संकलन क्षेत्रको अन्तिम जाँचपास गर्ने भन्ने राखे। |
| ४. | परिच्छेद-४ को दफा २५ (२) मा ईलाका वा सेक्टर वन कार्यालयको निगरानी | सव-डिभिजन वन कार्यालयको निगरानी भन्ने राखे। |

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः
पत्र संख्या :
च. नं.: २८८

वन पैदावार सङ्कलन तथा बिक्रीवितरण निर्देशिका, २०७३ मा परिमार्जनः

| क्र.सं | साविकको व्यवस्था | कायम भएको व्यवस्था |
|---|---|---|
| १. | परिच्छेद-२ को दफा (५) छपान व्यवस्थामा सेक्टर वन कार्यालयले गर्ने २५ प्रतिशत, जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले १० प्रतिशत र क्षेत्रीय वन निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधिले कम्तीमा ५ प्रतिशत निरीक्षण गर्नुपर्नेछ। | सेक्टर वन कार्यालय हटाउने, डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले १५ प्रतिशत र वन निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधिले कम्तीमा ५ प्रतिशत निरीक्षण गर्नुपर्नेछ भन्ने राखे। |
| २. | परिच्छेद-३ को दफा १२(१०) मा सम्बन्धित सेक्टर वन कार्यालयका प्रमुखबाट कम्तिमा २५ प्रतिशत, जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले १० प्रतिशत र क्षेत्रीय वन निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधिले कम्तीमा ५ प्रतिशत निरीक्षण गर्नुपर्नेछ। | सेक्टर वन कार्यालय हटाउने, डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले १५ प्रतिशत र वन निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधिले कम्तीमा ५ प्रतिशत निरीक्षण गर्नुपर्नेछ भन्ने राखे। |
| ३. | परिच्छेद-५ को दफा (२०) लगाएतमा दफामा जिल्ला विकास समिति र गाँउ विकास समिति भन्ने शब्दहरु रहेको। | जिल्ला समन्वय समिति र गाउँपालिका भन्ने शब्दहरु राखे। |
| ४. | परिच्छेद-१२ को दफा ४९ (६) मा सेक्टर वन कार्यालय वा ईलाका वन कार्यालयबाट सिलबन्दी समेत गराई ओसारपसार गर्नुपर्नेछ। | डिभिजन वन कार्यालय वा सव-डिभिजन वन कार्यालयबाट सिलबन्दी समेत गराई ओसारपसार गर्नुपर्नेछ भन्ने राखे। |
| ५. | परिच्छेद-१४ को दफा ५३ (१) मा एउटै जिल्लाभित्र ओसारपसार गर्ने काठदाउरामा सिलबन्दी गरिरहनु पर्दैन। | एउटै डिभिजन वन कार्यालय क्षेत्रभित्र ओसारपसार गर्ने काठदाउरामा सिलबन्दी गरिरहनु पर्दैन भन्ने राखे। |

कार्यालय र पदहरुमा परिमार्जनः

| क्र.सं | साविकको व्यवस्था | कायम भएको व्यवस्था |
|---|---|---|
| १. | ईलाका वन कार्यालय | सव-डिभिजन वन कार्यालय |
| २. | सेक्टर वन कार्यालय | हटाउने |
| ३. | जिल्ला वन अधिकृत | डिभिजनल वन अधिकृत |
| ४. | जिल्ला वन कार्यालय | डिभिजन वन कार्यालय |
| ५. | क्षेत्रीय वन निर्देशक | वन निर्देशक |
| ६. | क्षेत्रीय वन निर्देशनालय | प्रदेश वन निर्देशनालय |
| ७. | वन विभाग | वन तथा भू संरक्षण विभाग |
| ८. | वन तथा भू-संरक्षण मन्त्रालय | वन तथा वातावरण मन्त्रालय |

डा. राम प्रसाद लम्साल
महानिर्देशक

महानिर्देशक